**२०७४।०५।१६ गते सिन्धुपाल्चोक जिल्लाको बाह्रबिसे नपा-८ मा पहिरो गएको, मानविय क्षति नरहेको, रु. ३,८९,००० बराबरको क्षति**

मिति २०७४।०५।१६ गते राती परेको अबिरल वर्षाको कारण २१:०० बजेको समयमा जिल्ला सिन्धुपाल्चोक बाह्रबिसे न.पा. वडा नं. ८ घिमिरेछापमा रहेको लक्ष्मण आचार्यको घर माथि भिर पाखोबारी बगी पहिरो आई निम्न स्थान बस्ने मानिसको निम्न अनुसारको क्षति भएको भन्ने खबर प्राप्त हुन साथ ईलाका प्रहरी कार्यालय बाह्रबिसेबाट प्र.नि. पंच कुमार बाखुको कमाण्डमा प्रहरी टोली उक्त स्थानमा खटिई गई पहिरोबाट जोखिममा रहेका मानिसहरुलाई सुरक्षित स्थानमा बस्न लगाईएको, घटनास्थलमा ई.प्र.का. बाह्रबिसेबाट उत्तर पश्चिम पर्ने।

साथै उक्त स्थानमा बस्ने गोकुल आचार्य, वासुदेव आचार्य, रामशरण मिजार, ज्ञान बहादुर मिजार, मान बहादुर मिजार र पुड्के तामाङ समेतको भूकम्प पिडितले पाएको राहत रकमबाट बनाएको ढुंगा सिमेन्टको गाह्रो भएको टिनले छाएको एक तल्ले घरहरु जोखिममा रहेको जानकारी गराइन्छ।

निम्न:

१. जि.सि.पा. बाह्रबिसे न.पा. वडा नं. ८ बस्ने लक्ष्मण आचार्यको ढुंगामाटोको गाह्रो भएको मतान घर (गाई गोठ) भत्कन गई उक्त घर भित्र राखेको अन्नपात, भाँडावर्तन, काठपात तथा उक्त मतान घरमा बाँधी राखेको ६ वटा खसी-बाख्रा, खोरमा रहेको कुखुरा समेत घर माथीबाट पहिरो आई पुरी जम्मा अन्दाजि मुल्य रु. ३,८९,०००।०० (अक्षररुपी तीन लाख उनानब्बे हजार) बराबरको क्षति भएको र उक्त मतान घरमा बाँधी रहेको आजकलको बजार मुल्य रु. ५५,०००।०० (अक्षररुपी पच्पन्न हजार) बराबरको १ वटा जर्सी गाई समेत घाईते भएको, परिवार संख्या ६ जना रहेको।

**स्रोत: ईलाका प्रहरी कार्यालय, बाह्रबिसे, सिन्धुपाल्चोक**